# मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८२।२०८३
च.नं. :

E-mail : info@manrashiswamun.gov.np
manarashiswamun.gov@gmail.com


## "तरकारी पकेट" कार्यक्रम सञ्चालन गर्नेको लागी पुनः आवेदन मांग सम्बन्धी अत्यन्त जरुरी सूचना

## (दोस्रो पटक प्रकाशित मिति : २०८२।१२।०५)

आ.व. २०८२/०८३ मा राष्टिय कृषि आधुनिकीकरण कार्यक्रम मनराशिसवा नगरपालिकाको कृषि तथा पशु पंक्षी सेवा केन्द्र अन्तर्गत तपसिलका क्षेत्रहरूमा निम्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भएकोले प्रथम पटक मिति २०८२।११।२७ गतेमा ७ दिनको सूचना प्रकाशित भएकोमा उक्त अवधिभित्र आवेदनको संख्या न्युन पर्न गएकोले पुनः दोस्रो पटक यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र इच्छुक कृषि समूह / सहकारी / जल / वन उपभोक्ता समिति / कृषि फार्महरूले आवश्यक कागजात सहित यस नगरपालिकाको कृषि तथा पशु पंक्षी सेवा केन्द्रमा तोकिएको ढाँचा ( अनुसूची- ६) अनुसार आवेदन दर्त्ता , अनुसूची- ७ अनुसार आधारभूत तथ्यांक फारम र अनुसूची- १० अनुसार दर्त्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यस विषयमा थप जानकारीका लागि मनराशिसवा नगरपालिकाको कृषि तथा पशु पंक्षी सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

कार्यक्रमः

तरकारी पकेट कार्यक्रम सञ्चालन गर्नका लागि तराई क्षेत्र अनुसार तोकिएको न्यूनतम क्षेत्रफल (हेक्टरमा) निम्नानुसार छः

| बाली / वस्तु | एकाइ | तराई (मनराशिसवा) | कैफियत |
|---|---|---|---|
| तरकारी बाली | हेक्टर | २० हेक्टर/ (३० बिघा) | कृषि समूह / सहकारी / जल / वन उपभोक्ता समिति / कृषि फार्महरू |

निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू

१. सम्बन्धित निकायमा कृषि समूह / सहकारी / संस्था / समिति वा कृषि फार्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

२. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात (लालपुर्जा) वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।

३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

४. कार्य समितिको निर्णयको प्रतिलिपि (कार्यक्रममा सहभागी हुने सम्बन्धमा)।

.....................

विजय नारायण ठाकुर
नि.प्रमुख प्रशासकिय अधिकृत